नौकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सरमथली,रसुवा

३ नं.प्रदेश नेपाल।

पत्र संख्या : ०७५/०७६

चलानी नं. :

मिति:- २०७६/०२/०२

## सुपरिवेक्षक र गणक करारमा लिने सम्बन्धि ७ दिने सूचना

प्रथम पटक प्रकाशित मिति :- २०७६/०३/०१

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय अन्तर्गत यस गाउँपालिका भित्र संचालन हुने गरिव घर परिवार सर्वेक्षण कार्यक्रमका लागि तपसिल बमोजिमका कर्मचारी सेवा करारमा लिनु पर्ने भएकोले तपसिल बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र शैक्षिक योग्यताको प्रमाण पत्र, नेपाली नागरिकताको प्रमाण पत्र को प्रतिलिपि संलग्न गरि तोकिएको ढाँचामा यस गाउँपालिका , गाउँकार्यपालिकाको कार्यालय, पारच्याङमा आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

| सि.नं. | पद नाम | संख्या | न्युनतम योग्यता |
|---|---|---|---|
| १. | सुपरिवेक्षक | १ | • मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांक शास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उतिर्ण गरेको कम्प्युटर सम्बन्धि आधारभूत ज्ञान भएको। <br> • आवेदन दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको हुनु पर्नेछ। |
| २. | गणक | ३ | • मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांक शास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाण पत्र तह वा सो सरह उतिर्ण गरेको कम्प्युटर सम्बन्धि आधारभूत ज्ञान भएको। <br> • आवेदन दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको हुनु पर्नेछ। |

अन्य आवश्यक योग्यता

१. नेपाली नागरिक हुनुपर्ने छ।
२. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।
३. आवेदन शुल्क:- सुपरिवेक्षक पदको लागि रु. १०००| (एक हजार) र गणक पदको लागि रु. ५०० | (पाँच सय) जनता बैंक नेपाल नौकुण्ड शाखामा रहेको नौकुण्ड गाउँपालिकाको आन्तरिक आय खाता नं.११६००९०५७४९४२०८ मा जम्मा गरेको सक्कल भौचर आवेदनसाथ पेश गर्नुपर्ने छ।
४. तलब स्केल:- मन्त्रालयले तोके बमोजिम।
५. करार अवधि:- बढीमा नियुक्ति भएको मितिले ५ (पाँच) महिना।
६. परीक्षाको किसिम:-लिखित, अन्तर्वार्ता तथा प्रयोगात्मक।
७. स्थानीयवासी र अनुभवीलाई विशेष प्राथमिकता दिईनेछ।
८. अन्य विषयमा करारमा कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि २०७५ ले तोकेको अन्तर्वार्ता तथा सिफारिस समितिले तोके बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत



फोन : ०१६९२४८२४, ई-मेल : naukundagaunpalika@gmail.com, वेबसाइट : naukundamun.gov.np